**मुख्यसचिव श्री सुमनराज अर्यालको अध्यक्षतामा मिति २०८३ असार २ गते बसेको सचिव बैठकका निर्णयहरू**

१. २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा आगजनीमा परेका वा क्षति भएका सवारी साधन, फर्निचर तथा यन्त्रउपकरणहरूको प्रचलित कानूनबमोजिम मिनाहा वा लिलामी प्रक्रिया सम्पन्न गर्न बाँकी निकायहरूले असार १५गते भित्रै उक्त कार्य सम्पन्न गरी त्यस्ता सामग्री कार्यालय परिसरबाट हटाउने व्यवस्था मिलाउने।

२. सबै मन्त्रालयहरूले आफ्ना मातहतका निकायसहितको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको कार्य तोकिएको समयावधिभित्र सम्पन्न गर्ने।

३. आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि लागत अनुमान र बोलपत्र आह्वान लगायतका तयारी कार्यहरू असार मसान्तभित्रै सम्पन्न गर्ने।

४. सबै मन्त्रालय/विभाग/कार्यालय/निकायहरूले महालेखा परीक्षकको ६३औं बार्षिक प्रतिवेदन, २०८३ मा उल्लिखित बेरुजुको फस्यौंट कार्यलाई उच्च प्राथमिकता दिई साप्ताहिक प्रगति विवरण अनिवार्य रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र बेरुजु फस्यौंट अनुगमन समितिमा पठाउने। यसका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९० अनुसार महालेखा परीक्षकको बार्षिक प्रतिवेदनमा असुलउपर गर्नुपर्ने भनि औंल्याइएको बेरुजुलाई सम्बन्धित कार्यालय प्रमुखले समयमै असुली, फस्यौंट फरफारक तथा लगतकट्टा गर्ने/गराउने।

५. २०८२ भदौ २३ र २४ को प्रदर्शनका क्रममा आगजनीमा परी स्रेस्ता ज़लेर लेखापरीक्षण हुन नसकेको र लेखापरीक्षण गराउन समस्या भएका निकायहरूले प्रचलित कानून बमोजिम महालेखापरीक्षकको कार्यालयसँगको समन्वयमा लेखापरीक्षण गर्ने गराउने।

६. सरकारको शासकीय सुधारका १०० कार्यसूचीमा उल्लिखित कानून तर्जुमा/संशोधन सम्बन्धी विधेयकहरू अविलम्ब संघीय संसदमा दर्ता गर्ने व्यवस्था मिलाउने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं